# पैसा छैन कोरोनाले काम छैन विदेशी कामदारहरूको अवस्था




*Hisako Hemmi*

कोरोना भाइरसको कारणले गर्दा काम घटाएमा के गर्ने , कामबाट निकालिन्छ होला ...... भनी कामको बारेमा चिन्ता बढीरहेको छ । जापानको प्रणाली थाहा पाएमा ढुक्क हुन्थ्यो । जापानी भाषा बुझ्न गाह्रो विदेशीहरू लाई जापानि हरूले पनि बुझ्न सक्ने सजिलो जापानी भाषाबाट विदेशी नागरिकहरूको श्रम परामर्श गर्न NPO(POSSE) संगै सोचिरहेका छौँ।

## काम पनि पैसा पनि नभएर समस्या भईराखेको छ ।

कोनिचिवा NPO,POSSEको इवाहासी माकोतो हुँ । अहिले काम नपाएर पैसा नभई समस्या परेको व्यक्तिहरूको सल्लाह हो ।

कोनिचिवा ! परिवार संगै रसिया बाट आएको हुँ । मनोरन्जन पार्कको नजिकको होटेलमा काम गरेको थिएँ ।सफाई गर्ने कम थियो । एक महिनामा १० मान यन पाएको थिए । तर फेब्रुअरी महिनाबाट होटेलमा बस्ने ग्राहकहरू घट्दै गए । त्यसपछि मेरो काम गर्ने दिन पनि कम भयो । होटेलको काम गर्ने दिन थोरै भएकोले होटेलको काम छोडे । चाडैनै अर्को काम भेटाउन मन छ । तर त्यति सजिलै पाईरहेको छैन । म जापानम परिवार संगै बस्छु । श्रीमान र बच्चाहरु छन् । घर भाडा र बच्चा को स्कुलको फिस तिर्न पैसाको अवस्यकता छ । अब पैसा छैन ।के गर्ने होला।


अहिले नया काम पाउन गाह्रो छ होला ।त्यो बेला जापानिज र बिदेशी ले पनि प्रयोग गर्न सकिने , प्रणाली छ ।

## ●काम छैन →पैसा पाउन सकिन्छ

काम छोडेको व्यक्ति , नया काम खोज्दै ,पाउने पैसा「बेरोजगारी भत्ता」छ । पाउनको लागि हेल्लो वोर्क मा जानुहोला ।



withnews × POSSE
FACIL




*Hisako Hemmi*

काम छोडेको व्यक्ति , नयाँ काम खोज्दै, पाउने पैसा「बेरोजगारी भत्ता」छ ।अहिले सम्म पाएको तलबको ५० प्रतिसत देखि ८० प्रतिसत सरकार बाट पाउन सकिन्छ । काम गरेको अवधि,पाइरहेको तलबको आधारमा पाउने रकम फरक हुन्छ ।
**पातो,आरुबाइतो,हाकेनले पनि पाउन सक्छन् । बिदेशी नागरिकले पनि पाउछन् ।**

पाउनको लागि हेल्लो वोर्कमा जानुहोला ।तर बेरोजगारी भत्ता पाउनको लागि काम गरेकोबेला रोजगार बीमा अनिवार्य गरेको हुनुपर्छ । त्यसपछि कम्पनीले「छोड्नु」भनेर भन्नु भन्दा ६ महिना अगाडी जापानमा काम गरेको छैन भए पाउदैन । यदि आफैले「काम छोड्छु」भनेको खण्डमा १ वर्ष काम गरेको छैन भने पाउदैन । त्यसैले यो वर्षको जनवरी या फेब्रअरीमा जापान आएकोले पाउदैन । रकम पाउने अवधी जापानमा काम गरेको वर्ष अनुसार फरक हुन्छ । ९० दिन पाउने सम्भावना धैरै छ ।

## •पैसा छैन→ सापटी लिन सकिन्छ

कोरोना भाइरसको कारणले तलब घटेर जीविकोपार्जन गर्न गाह्रो भएको बेला पैसा सापटी लिन सकिन्छ । तपाइँ बस्नु भएको शहरको "समाज कल्याण परिषद" बाट परामर्श लिनुहोस्। **पार्ट टाईम कामदारहरू, अस्थायी कामदारहरू र विदेशी नागरिकहरूले पनि पैसा सापट लिन सक्नेछन् ।**




*Hisako Hemmi*


withnews × POSSE FACIL

पैसा सापट लिने दुई तरिकाहरू छन्।

१) पैसा तुरुन्त चाहिएको बेला「आपतकालीन साना कोष」बाट सापट लिन सकिन्छ । आवेदन दिनुभएको एक हप्ता जतिमा सापट लिन सक्नुहुनेछ ।

एक लाख येन सम्म सापट लिन सक्नु हुनेछ । बच्चाको स्कुल बिदा भएको कारणले काम गर्न नसकेकोले हो भने दुई लाख येन सम्म लिन सक्नुहुनेछ । फर्काउने बेलामा सापट लिएको रकम मात्र फर्काए हुन्छ (ब्याज तिर्नु पर्दैन) । ग्यारेन्टर पनि चाहिदैन । कोरोना भाइरसको कारण काम बिदा लिनुपरेको र तलब घटेको व्यक्तिले पनि सापट लिन सक्नेछ । काम गरिरहेको व्यक्ति या काम नगरेको व्यक्ति ले पनि सापट लिन सक्नेछन् ।

२) काम नभएको व्यक्ति  या तलब घटेको व्यक्तिले「विस्तृत सहयोग कोष जीविकोपार्जन सहयोग कोष」बाट पैसा सापट लिन सक्नेछ। एक्लै बसोवास गर्नेले चार लाख पचास हजार येन सम्म । परिवार संग बस्नेले छ लाख येन सम्म लिन सक्नेछ । पैसा फर्काउने बेलामा सापट लिएको रकम मात्र फर्काए हुन्छ (ब्याज तिर्नु पर्दैन) । ग्यारेन्टर पनि चाहिदैन । टोक्यो-टोमा आवेदन दिएको २० दिन मा सापटी लिन सक्नेछ ।

**विदेशी नागरिकहरूले पनि रकम सापटी लिन सक्नेछ । जस्तो सुकै आवासीय भिसा भएकोले पनि सापटी लिन सक्नेछ ।** तर रकम सापटी भएकोले नफर्काई हुदैन । त्यसैले तपाईले रकम फिर्ता गर्न सक्छ या सक्दैन, तपाईको आय र बचतको चेकजाँच भने हुन्छ । पैसा फिर्ता गर्ने म्याद सम्म तपाई जापानमा हुन्छ कि हुन्दैन , तपाइँको आवासीय अवधिको पनि चेकजाँच हुन्छ । आपतकालीन साना कोषबाट सापटी लिएको दिन देखि ३ वर्ष भित्र , जीविकोपार्जन सहयोग कोषबाट सापटी लिएको दिन देखि ११ वर्ष भित्र फर्काउनु पर्ने हुन्छ । यदि समाज कल्याण परिषदलाई सापटी रकम फिर्ता गर्न सक्दैन जस्तो लागेमा रकम सापटी लिन सकिनेछैन ।

# ●कोठा भाडा तिर्न सक्दिन →पैसा पाउन सकिन्छ

कोठा भाडा तिर्न नसक्ने व्यक्तिलाई ३ महिना सम्म (लामो अवधीको बेला ९ महिना सम्म )कोठा भाडाको रुपमा पैसा पाउन सक्नुहुनेछ(आवास सुरक्षा लाभ)। बसोवास गर्नु हुने शहरको「स्वतन्त्र परामर्श सहयोग केन्द्र」मा परामर्श लिनुहोला । ठाउँ थाहा नभएमा वडा कार्यालय  (कुयाकुस्यो ) मा सोध्नुहोला ।




*Hisako Hemmi*

काम छोडेर नयाँ काम खोजिरहेको व्यक्ति, हाल काम गरिरहेको व्यक्तिले पनि प्रयोग गर्न सक्नुहुनेछ । विदेशी नागरिकहरूले पनि प्रयोग  गर्न सक्नुहुनेछ । प्राप्त गर्ने रकम बसोवास गर्नुहुने शहर अनुसार फरक पर्नेछ । उदाहरणको लागि टोक्यो-टो सेतागाया-कुमा बसोवास गर्ने व्यक्तिले ५३,७०० येन सम्म पाउन सकिन्छ । बचत धेरै भएको खण्डमा रकम पाउन सकिदैन  ।

## ● धेरै समस्यामा छु→ जीवन सुरक्षा

साचैनै जीविकोपार्जनमा समस्या भएमा「जीवन सुरक्षा」भनिने प्रणाली छ। सरकारले जीविकोपार्जन खर्च दिनेछ।




*Hisako Hemmi*

बसोवास गर्नुहुने वडा कार्यलय(कुयाकुस्यो) मा सल्लाह गर्नुहोला। विदेशी नागरिकहरूले पनि जीवन सुरक्षा प्रयोग गर्न सक्नेछन्। तर एईज्यु या तेईज्यु भिसा भएको बाहेकले यो सुविधा प्रयोग गर्न पाउने छैन। काम गर्ने भिसा (वर्किङ्ग भिसा )मा जापानमा बसोवास गर्ने विदेशी नागरिकहरू ले पनि प्रयोग गर्नसक्ने छैन। विभिन्न प्रणाली छ यदि समस्यामा पर्नु भएमा POSSE मा छलफल गर्नुहोला। तपाईहरुको लागि हामीपनि सोच्नेछौँ।

--------------------------------------------------------------------------------

元の記事（日本語）：
岩橋誠（NPO 法人 POSSE），「もうお金がありません」コロナで無職……外国人労働者の現実
（朝日新聞　withnews，2020 年 4 月 10 日）
https://withnews.jp/article/f0200410007qq000000000000000W0ej11101qq000020871A?ref=r_snsranking

翻訳：NPO 法人 多言語センターFACIL
https://tcc117.jp/facil/